आयोजनाहरुको लागि प्रयोग हुने निर्माण जन्य सामाग्रीको बिक्रिको हकमा सम्बन्धीत आयोजना (स्वीकृत IEE को परिधिभित्र रहि) ले प्रयोग गरेका परिमाणको आधारमा नगरपालिकाले छुटै रुपमा ठेक्का बन्दोवस्त गर्नेछ ।

१३. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्कातोडेमा निजबाट असुल हुनबाँकी रकममा १० प्रतिशत ब्याज जोडी असुल उपरगरिनेछ । यसरी ठेक्का तोडि बाँकी अवधिका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेको भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदार बाट असुल उपर गरिने छ।

१४. सेवा शुल्क कर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ ।त्यस सम्वन्धमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन, साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण कर हरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ ।

१५. परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदीका कारणले केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावि गर्नपाइने छैन । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालय लाई स्वीकार हुने छैन ।

१६. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१७. यस सूचनामा उल्लेख भएका कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१८. विषेश अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

१९. बालुवा संकलन, उत्खनन् तथा बिक्रिका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र तिलागुफा नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

२०. प्रदेश सरकार/उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधी मा भएको व्यवस्थालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

२१. आ.व. ०७७/०७८ का लागि कर संकलन शुरु मिति सम्झौतामा उल्लेखित भए अनुसार हुनेछ ।

२२. यस सम्बन्धमा थप जानकारी तिलागुफा नगरपालिकाको कार्यालय,गाल्जे, कालिकोट बाट प्राप्त गर्न सकिने छ ।

नि.प्रमुख प्रशासकिय अधिकृत